# नेपाल–भारत विकासमा समन्वयका सम्भावनाहरू


डा. रामकुमार झा

अष्ट्रेलिया सरकारको सहयोगमा भारत, नेपाल र बंगलादेशको कृषि अनुसन्धान केन्द्रलाई साथ मिलाएर पूर्वी गंगानदीतटीय क्षेत्रका करिब सात हजार साना किसानका लागि कार्यक्रम शुरु भएको छ। तर, यस्ता कार्यक्रममा दक्षिण ऐसियाली देशहरू कहिलेसम्म विदेशी सहयोगको मुख ताकिरहन्छन् ? भन्ने प्रश्नको जवाफ चाहिं हामीसँग छैन।

विश्व जगतमा जलवायू परिवर्तनको समस्या ज्वलन्त भइसकेको छ। समयमै वर्षा नहुनु, असमय बाढी आउनु वा सुख्खा पर्नुबाट पनि यो समस्या बढ्दै गएको बैज्ञानिक रुपमै पुष्टि हुँदै गएको छ। जलवायू परिवर्तनले भारतसहित उसका छिमेकी देशहरूको टाउको दुखाउन शुरु गरिसकेको छ। यो समस्या सबैभन्दा धेरै कृषिक्षेत्रमै पर्ने कुरा वैज्ञानिक अनुसन्धान र शोधबाट पनि पत्ता लागिसकेको छ। नेपाल र भारत दुवै कृषिप्रधान देश भएकोले यो समस्यासँग जुध्नको लागि उनीहरूलाई ठूलै चुनौती छ। यो समस्यासँग जुध्नका लागि वर्षाको पानी कसरी संग्रह गर्ने अथवा सुख्खा प्रभावित क्षेत्रको पानी कसरी बचाउने भन्ने विषयको निकास निकाल्न सकनुपर्दछ। कृषि र औद्योगिक विकासका खातिर पर्याप्त विद्युत उपलब्ध हुन नसक्नु दुवै देशका समान समस्या हुन्।

दक्षिण एशियामा विकासशील देशको समूह छ। त्यसमा रहेका देशहरूमध्येमा भौगोलिक क्षेत्रफल, आर्थिक समृद्धि आदि सूचकका कारण भारत अग्रणी स्थानमा रहेको छ। असल छिमेकीको नाताले भारतले नेपालतर्फको आफ्नो जिम्मेवारी निर्वाह गर्न सकारात्मक भूमिकाको खोजी पनि गर्न थालिसकेको छ। यही सन्दर्भमा अष्ट्रेलिया सरकारको वैदेशिक तथा व्यापार प्रवर्द्धन केन्द्र (डिफैट) को सहयोगमा कट्स इन्टरनेशनल जयपुर भारतले सञ्चालन गरेको परियोजना दक्षिण एशियाली देशमा खाद्य, जल तथा उर्जा सुरक्षामा केन्द्रित गर्दै सहयोग कसरी बढाउने भन्ने दिशामा केन्द्रित भएको छ। नेपालको पूर्वीक्षेत्र विराटनगरसहित नजिकका सहरमा कट्सको टोलीले यसक्षेत्रका विज्ञहरूसँग यसक्षेत्रको जल, खाद्य र उर्जा सुरक्षासँग सम्बन्धित धेरै मुद्दामा छलफल पनि चलाएको छ। यही छलफलका आधारमा कतिपय विषयमा प्रारम्भिक विषय उठान पनि भएको छ।

पहिलो त भूमिगत जल, सुक्दै गएका नदी, असमयमा आउने बाढी जस्ता समस्यासँग जुध्न सरकार र समाजले पनि खास कदम चाल्नु पर्ने देखिएको छ। उर्जाको सीमित उपलब्धताका कारण कृषि विकास र औद्योगिक संभावनालाई झन् साँघुरो पारिदिएको अवस्था छ। तेस्रो खाद्य सुरक्षा पानी र उर्जाविना दिवास्वप्न मात्र बन्न जान्छ। नेपाल र भारत समान समस्याबाट प्रताडित छन्। दुवै देशमा विकासको गति उस्तै छ भन्दा पनि हुन्छ। किसानहरू अहिले पनि परम्परागत रुपमा खेती गर्छन्। यसले उत्पादन बढेको छैन। समयमा रासायनिक मल, पानी, विजुली जस्ता आधारभूत बस्तुको सहज आपूर्ति हुन नसक्दा उनीहरूको समस्यालाई सम्बोधन गर्ने काम हुन सकेको छैन। धेरै किसानहरू यही कारण धेरै मानसिक र आर्थिक समस्यासँग जुध्न विवश छन्। उत्पादनमै समस्या हुनु, उत्पादनपछि उचित मूल्य नपाउनु र बजार उपलब्ध नहुनु उनीहरूले भोग्दै आएका समस्या हुन्। युवाहरू यही कारण पनि ग्रामीण क्षेत्रबाट सहरतर्फ पलायन हुने दर बढ्दो छ। शहरीकरणका लागि जमिन अधिग्रहण गर्ने जस्ता समस्याले पनि विस्तारै पिरोल्दै गएको छ। भारतमा त किसाहरूले यस्तै कारण आत्महत्या गर्ने दरसमेत बढ्दै गएको छ।

यस्ता समस्या बढ्दै जानु चिन्ताको विषय हो। एक वर्ष, एक व्यक्ति; एक देशको पहलबाट मात्र यस्ता समस्यालाई सम्बोधन गर्न वा न्यूनीकरण गर्न असंभवप्राय छ। यसका लागि एउटा दूरगामी सोच र परिवर्तनको आवश्यकता छ। कट्सले पनि समाजका विभिन्न वर्ग र पेशासँग सम्बन्धित व्यक्तिहरूको सुझावलाई ग्रहण गर्दै केही विषयहरूमा सुझाव प्रस्तुत गरेको छ।



- कृषि विकासका लागि भारत र नेपालले सबै प्रयासहरू गर्नुपर्छ। उच्चस्तरीय रुपमै छलफल गरेर आपसी मतभेद र विमतिलाई पहिचान गर्दै साझा मुद्दामा साझा सम्झौता गर्न आवश्यक छ। सम्झौता यसरी गरिनु पर्‍यो जसले भविष्यमा पनि समस्याको बीजारोपण नगरोस्।

- जल सम्पदा वा प्राकृतिक स्रोत धेरै त नेपालमै छ तर यसको दोहन गर्न र उर्जा उत्पादनका लागि संयन्त्रको नभएकोले यसबाट चाहेजति उपलब्धि प्राप्त हुन सकेको छैन्। प्राकृतिक साधन स्रोतको अधिकतम प्रयोगका लागि ध्यान दिनुपर्ने देखिएको छ।

- भारत नेपालबीच हुँदै आएको सीमा र जलसम्बन्धी बिबादलाई समाप्त गर्न सरकारको उच्चायुक्त सहभागी भई सामूहिक हितका लागि सम्झौता, नीति निर्माण बनाउन जरुरी छ। यसबाट नै दुवै देशका आर्थिक, सामाजिक र पारस्परिक विकासको ढोका खुल्नसक्छ।

- नेपालको औद्योगिक विकासको अवस्था हेर्ने हो भने अहिले लगभग शून्यकै अवस्थामा छ। तर, यसलाई बढावा दिनसक्ने प्रशस्तै संभावना रहेका छन्। भारतकै पहलमा पनि उर्जा उत्पादन बढाबासँगै औद्योगिक विकासमा नेपालले ध्यान दिनसक्छ।

अतः नेपाल भारतबीचको खाद्य, पानी र उर्जाको समस्यालाई समाधान गर्दै यसबाट धेरै फाइदा लिनसक्ने अपार संभावना रहेको छ। आपसी सम्झौतालाई मूल्यांकन गर्दै पूर्ण दोहन गर्नसके विकास आफै आउने छ। व्यापारको क्षेत्रमा पनि धेरै संभावना देखिन्छ। दक्षिण एशियाको उदाहरण बनेको भूटानबाट पनि हामीले पाठ सिक्न सक्छौं। अहिले भुटानको अर्थव्यवस्थाको कुरा गर्ने हो भने भारतभन्दा पनि अगाडि छ। त्यहाँका नगारिकको प्रतिव्यक्ति आय पनि दक्षिण ऐशियाली देशमा सबैभन्दा धेरै छ। उचित प्राकृतिक साधनस्रोतको व्यवस्थापनकै कारण भुटानले आज यत्रो सफलता प्राप्त गर्न सफल भएको हो। नेपाल सरकारले पनि कृषि, सिञ्चाई, जल प्रवन्ध, उर्जा र बजारको हेतुले नीति निर्माणलाई मजबुत बनाउँदै कदम चाल्ने हो भने त्यो सफलता धेरै टाढा छैन जुन नेपालीहरूले चाहिरहेका छन्। यो सफलतामा भारतले पनि सकारात्मक र स्वार्थरहित रुपमा एउटा असल छिमेकीको भूमिका निर्वाह गर्न सक्नुपर्छ।

❐ ❐ ❐

**नेपाल र भारत दुवै कृषिप्रधान देश भएकोले यो समस्यासँग जुध्नको लागि उनीहरूलाई ठूलै चुनौती छ। यो समस्यासँग जुध्नका लागि वर्षाको पानी कसरी संग्रह गर्ने अथवा सुख्खा प्रभावित क्षेत्रको पानी कसरी बचाउने भन्ने विषयको निकास निकाल्न सक्नुपर्दछ। कृषि र औद्योगिक विकासका खातिर पर्याप्त विद्युत उपलब्ध हुन नसक्नु दुवै देशका समान समस्या हुन्।**

❐ ❐ ❐

*(कट्स इन्टरनेशनलसँग आवद्ध लेखक पोलिसी एनालिस्ट हुन्)*